स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मेला-महोत्सवका आयोजक र कलाकारबिच अन्योन्याश्रित सम्बन्ध रहन्छ । मेला-महोत्सव आयोजकलाई कार्यक्रमको रौनक बढाउन कलाकारको खाँचो हुन्छ भने कलाकारलाई पनि त्यस्ता आयोजकले आयोजना गर्ने कार्यक्रममा सहभागी भएबापत राम्रो पारिश्रमिक मिल्छ । पछिल्लो समय आयोजक र कलाकारबिच विवादका घटना बढ्न थालेका छन् । सामाजिक सञ्जालबाट एक-अर्कामाथि आरोप-प्रत्यारोप गरिरहेका हुन्छन् ।

**आजको विचार...**



संविधान...
*(दुई पेजमा)*

श्रीराम श्रेष्ठ

फिल्म "टिकाः स्टेटलेस सोल"को छायांकन सुरु भएको छ । कास्की जिल्लाको पामेबाट आइतवारदेखि फिल्मको छायांकन सुरु गरिएको हो । ४० दिनको तालिका रहेको फिल्म कास्कीमा मात्रै ३० दिन खिचिनेछ भने त्यसपछि काठमाडौं छायांकन हुनेछ । फिल्मका कार्यकारी निर्माता तेजबिक्रम केसी हुन् । फिल्मको निर्माता भविष्य खड्का हुन् । यो फिल्म तीजको अवसरमा आगामी भदौ २६ गतेदेखि सार्वजनिक प्रदर्शनमा ल्याउनेछ ।



❐ वर्ष ३१ ❐ अंक ३१२ ❐ २०८३ जेठ २७ गते बुधबार 10 June 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## कङ्गोमा इबोलाबाट एक सयको मृत्यु

**(रासस/एपी)**

**बुनिया (कङ्गो),** जेठ २६/पूर्वी कङ्गोमा इबोला भाइरसको प्रकोप घोषणा भएको एक महिनाभन्दा कम समयमा कम्तीमा १०० जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । पछिल्लो तथ्याङ्कले सङ्क्रमण तीव्र रूपमा फैलिरहेको सङ्केत गरे पनि वास्तविक सङ्ख्या अझै बढी हुन सक्ने आशङ्का गरिएको छ । स्थानीय स्वास्थ्य निकायका अनुसार आइतबारसम्म ५५० जना सङ्क्रमित पुष्टि भएका छन् । तीमध्ये १०१ जनाको मृत्यु भइसकेको र १९ जना निको भएका छन् । यो विवरण सोमबार सार्वजनिक पछिल्लो अवस्था प्रतिवेदनमा उल्लेख गरिएको हो । यसअघि प्रकोप घोषणा भएको केही हप्तामै सङ्क्रमण फैलिन थाले पनि औपचारिक पुष्टि ढिलो भएको अधिकारीहरूको भनाइ छ । त्यही कारण रोग नियन्त्रण र रोकथामका प्रयासहरू थप जटिल बनेका छन् । स्वास्थ्यकर्मीहरूका अनुसार प्रभावित क्षेत्रमा स्थानीय बासिन्दाबाट आक्रोशित प्रतिक्रिया, स्वास्थ्यकर्मीमाथि आक्रमणका घटना तथा सशस्त्र समूहको सक्रियताले नियन्त्रण अभियानलाई गम्भीर चुनौती दिएको छ । धेरै क्षेत्रमा विश्वासको कमीका कारण परीक्षण, उपचार र सम्पर्क ट्रेसिङ कार्य प्रभावित भएको छ । विशेषज्ञहरूले सङ्क्रमणको वास्तविक सङ्ख्या आधिकारिक तथ्याङ्कभन्दा धेरै बढी हुन सक्ने चेतावनी दिएका छन् ।


# संसद् सञ्चालनमा सकस

## प्रधानमन्त्रीको जवाफ माग्दै प्रतिपक्षको निरन्तर बिरोध

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ २६/संघीय संसदका दुवै सदन सञ्चालनमा सकस भएको छ । प्रधामन्त्री बालेन्द्र शाह (बालेन)ले संसदमा दिएको अभिव्यक्तिको जवाफ नदिएसम्म संसद संसद अगाडि बढ्न नदिने प्रतिपक्षको अडानका कारण संसद् सञ्चालनमा सकस भएको हो ।

प्रधानमन्त्री बालेन शाहले केही दिन अघि संसद्बाटै नेपालले पनि भारतको भूमि मिचेको रहेछ भन्ने अभिव्यक्ति दिएसँगै विपक्षीहरू दलहरुले प्रतिनिधिसभा र राष्ट्रिय सभाका बैठक अवरुद्ध गर्दै आइरहेका छन् । मंगलबार प्रतिनिधिसभा बैठकमा विपक्षी दलहरुले विरोध गरेपछि बैठक स्थगित भएको छ । बैंठक सुरु भएलगत्तै विपक्षी दलहरुले उठेर विरोध जनाएका थिए । सभामुख डीपी अर्यालले बैठक सुरु गरेपछि विपक्षी सांसदहरु उठे । त्यसपछि सभामुख अर्यालले नेकपा (एमाले)का सांसद क्षितिज थेबे, नेपाली कम्युनिस्ट पार्टीका सांसद महेन्द्रबहादुर शाही, नेपाली कांग्रेसका सांसद निस्कल राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुश्बु ओली र श्रम संस्कृति पार्टीका सांसद हर्कराज राईलाई क्रमशः बोल्ने समय दिए । सोही क्रममा कांग्रेसका



सांसद निस्कल राईले लोकतन्त्र, गणतन्त्र स्थापनाका लागि सहादत प्राप्त गर्ने सहिददेखि जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने सहिदको सम्मानमा पाँच मिनेट मौनधारण गर्न आग्रह गरे । उनले भने, "अमर सहिदहरू, प्रजातन्त्र तथा नागरिक सर्वोच्चताका लागि भएका विभिन्न क्रान्ति तथा आन्दोलनका सहिदहरू तथा सुशासन र जवाफदेहिताका लागि भएको जेनजी विद्रोहका सहिदहरूप्रति सम्मान प्रकट गर्दै हामी नेपाली कांग्रेसका सदस्यहरू पाँच मिनेट यहाँ उभिएर मौनधारण गर्नेछौँ", उनको सो आग्रहलगत्तै नेपाली कांग्रेसका सबै सांसदहरू उभिए । त्यसलगत्तै प्रतिपक्षी दलका सबै सांसदहरूले समर्थन जनाउँदै मौनधारण गरे । सभामुख डोलप्रसाद अर्यालले भने सो घटनालाई सभामाथिको अपमानका रूपमा टिप्पणी गरे । प्रतिनिधिसभाको बैठक सभामुखले सञ्चालन गर्ने स्पष्ट पार्दै उनले आजको बैठकमा सदस्य स्वयंले समय तोकेर मौनधारणा गर्नु र गराउने अभ्यास गलत भएको धारणा राखे । यस्तै, आर्थिक विधेयकमा अर्थमन्त्रालयले गरेको करको दर हेरफेरको विषयमा समेत सांसदहरुले प्रश्न उठाएका छन् । करको दर हेरफेरको विषयलाई गम्भीर रुपमा लिँदै उनीहरुले सरकारको ध्यानाकर्षण गराएका हुन् । करका दर हेरफेरको विषय सीमित अर्थमन्त्री र अर्थमन्त्रीज्यूले स्वीकृत गरेका व्यक्तिबाहेक अरुलाई थाहा नहुने बताउदै यस विषयमा छानविन गर्न संसदीय छानबिन समिति गठन गर्नुपर्ने र अर्थमन्त्रीलाई राज्यद्रोहको मुद्धा समेत लगाउनुपर्नेमा उनीहरुको जोड छ । *-बाँकी अन्तिम पेजमा...*

## सुधन र महावीरले लिए शपथ



**काठमाडौं,** जेठ २६/नवनियुक्त गृहमन्त्री सुधन गुरुङ र विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री महावीर पुनले सपथ लिएका छन् । शीतल निवासमा आयोजित कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले उनीहरूलाई सपथ खुवाएका हुन् ।

मंगलबार प्रधानमन्त्री बालेन्द्र शाहले गुरुङ र पुनलाई मन्त्रीका लागि सिफारिस गरेका थिए । राष्ट्रपति पौडेलले उनीहरूलाई मन्त्रीमा नियुक्त गरेका थिए । गुरुङ यसअघि पनि शाह नेतृत्वको सरकारमा गृहमन्त्री थिए । सम्पत्ति शुद्धीकरण विवाद मुछिएपछि उनले राजीनामा दिएका थिए । उनीमाथि छानबिन गर्न सरकारले समिति पनि गठन गरेको थियो । समितिले उनलाई 'क्लिन चिट' दिएपछि प्रधानमन्त्री शाहले पुनः गृहको जिम्मेवारी दिएका हुन् । त्यस्तै पुन सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा शिक्षा मन्त्री बनेका थिए ।

## आमा समूहले बजाउने नौमतीको माग बढ्यो

**दाङ,** जेठ २६/तुलसीपुर उपमहानगरपालिका-४ स्थित जनचेतना आमा समूहको नौमती बाजा दाङमा मात्र नभई जिल्ला बाहिर बुटवल, कोहलपुरलगायत स्थानसम्म जाने गर्दछ । जिल्ला बाहिर माग हुन थालेपछि मागअनुसार सम्न्धित क्षेत्रमा आफूहरू पुग्ने गरेको आमा समूहका प्रतिनिधि बताउँछन् ।

विवाह, व्रतबन्ध, पूजाआजालगायत सबै जसो कार्यक्रममा उक्त आमा समूहको गाजाबाजाको टोली मागअनुसार जिल्लाजिल्ला पुग्ने गरेको छ । गत मङ्सिरमा मात्रै बुटवलमा २० र कोहलपुरमा नौ वटाभन्दा बढी कार्यक्रममा जिल्ला बाहिर गएको समूहका अध्यक्ष कस्तुरा खड्काले बताइन् । उनका अनुसार पुस र माघमा पनि राजनीतिक दलका कार्यक्रम अत्यधिक भएकाले समूहको व्यस्तता बढेको हो । फागुन, चैत र वैशाखमा विवाहसहित



विभिन्न धार्मिक कार्यक्रममा माग बढेको खड्काले बताइन् । "पहिलेपहिले जिल्ला बाहिर जान समस्या थियो, अहिले हरेक महिना ठाउँठाउँबाट हाम्रो माग भइरहेको छ", उनले भनिन्, "आम्दानी पनि प्रशस्त भइरहेकाले हामी आत्मनिर्भर बन्दै गएका छौँ ।" एउटा कार्यक्रममा गएर नौमती बजाएको आठ हजारदेखि २५ हजारसम्म लिने गरिएको अध्यक्ष खड्काले जानकारी दिइन् । कति समयसम्म बजाउने हो, त्यसका आधारमा भाडा लिने गरेको भन्दै पछिल्लो समय यस्ता बाजा लोप हुन थालेपछि आफूहरू संरक्षणमा जुटेको उनले उल्लेख गरिन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्रधानमन्त्री जवाफदेही बन

सदनमा नगएर लामो समय आलोचित बनेका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले केही दिन अघि सदनमा बोल्दै भारत र नेपालबीच रहेका सीमा विवादबारे केही भ्रमपूर्ण, केही अर्थहीन र केही तथ्यहीन अभिव्यक्ति दिएका थिए । उनले भारतले नेपालको जग्गा मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको छ भन्ने अभिव्यक्ति दिएपछि सर्वत्र आलोचना भएको छ । उक्त अभिव्यक्तिलाई लिएर सदन समेत अवद्ध हुँदै आएको छ । विपक्षी दलहरूले जवाफ माग गरिरहेका छन् । विपक्षी दलहरूले प्रधानमन्त्रीले उक्त भनाइ फिर्ता लिनुपर्ने, संसद्को रेकर्डबाट हटाउनुपर्नेलगायत माग राखेर प्रतिनिधिसभा बैठकमा अवरोध गर्दै आएका छन् ।

प्रधानमन्त्रीको अभिव्यक्ति नेपाल सरकार र नेपाली नागरिकले यसअघि बुझेको र वकालत गर्दै आएको धारणाको विपरीत छ । यस्तो अभिव्यक्तिले नेपालको छवि पनि 'जग्गा मिचाहा' का रूपमा स्थापित हुनेछ । मुख्यत: भारतीय पक्षबाट नियतवश नै मिचिएको र अतिक्रमण गरिएको नेपाली भूमि फिर्ता ल्याउने प्रयत्नलाई थप कमजोर बनाउनेछ । तसर्थ आफ्नो अभिव्यक्तिलाई कि त प्रधानमन्त्रीले पुष्टि गर्न सक्नुपर्छ र नेपाली जनतालाई यथार्थ बताउन सक्नुपर्छ, कि सार्वजनिक ढंगले यसलाई थप प्रस्ट पार्नुपर्छ । संसद्रुमा बोलिएका गलत अभिव्यक्तिलाई सामाजिक सञ्जाल र परराष्ट्र मन्त्रालयका अभिव्यक्तिले सुधार्न सक्दैनन् । गल्ती र असावधानी मानवीय चरित्र हुन्, तर प्रधानमन्त्रीको तहबाट हुने गल्तीको मूल्य कहिलेकाहीँ अत्यन्तै भारी हुनसक्छ । बालेनले तत्काल आफ्नो अभिव्यक्तिलाई स्पष्ट पार्दै क्षमायाचना गरेर यो मुद्दालाई विश्राम दिनु आवश्यक छ । प्रधानमन्त्रीले आफ्नो देशले अर्को देशको जग्गा मिचेको भनेर दिएको अभिव्यक्ति असंवेदनशील अभिव्यक्ति हो । बलियो प्रधानमन्त्रीले बलियो र दृढ अभिव्यक्ति दिनुपर्छ, कूटनीतिक चलाखी देखाउन सक्नुपर्छ । आफ्नो पदको ओज राख्नुपर्छ र यसका दीर्घकालीन प्रभावप्रति सचेत हुनुपर्छ । प्रधानमन्त्रीको अभिव्यक्तिप्रति उनी स्वयं जिम्मेवार हुनुपर्छ । तर उनी वा अरू कसैले उनको आशय यस्तो थियो वा हो भनेर बचाउ गर्नुको अर्थ रहँदैन । तसर्थ प्रधानमन्त्रीले सदनमै उपस्थित भएर आफुहरुले दिएको विवादित अभिव्यक्तिको जवाफ दिन जरुरी छ ।

### Opinion @ Social Network

"संसारको सबै भन्दा सुन्दर चिज तिम्रो हेराइ हो,
तिमिले जसरि हेर्छौ दुनिया र दुनियाको मान्छेहरु त्यस्तै देखिन्छन"
*(अस्विन श्रेष्ठको फेसबुक स्टाटसबाट www.facebook.com/Ashwin.Shrestha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संविधान संशोधनको बहस र राजनीतिक सहमतिको औचित्य



**श्रीराम श्रेष्ठ**

*संविधान कार्यान्वयनको एक दशकको अनुभवपछि यसको केही व्यवस्था समयानुकूल परिमार्जन गर्नुपर्ने आवाज सत्ता, प्रतिपक्ष र सडकसम्मबाट उठ्दै आएको थियो । यद्यपि यसका लागि ठोस र संस्थागत पहल हुन सकेको थिएन । यही सन्दर्भमा नवगठित सरकारले १६ चैतको मन्त्रिपरिषद् बैठकमार्फत 'संविधान संशोधन बहस पत्र तयार गर्ने कार्यदल' गठन गरेपछि संविधान संशोधनबारे राजनीतिक दलहरूबिच औपचारिक अन्तर्क्रिया सुरु भएको छ । कार्यदलले विभिन्न दलहरूसँग सुझाव माग्न थालेको र दलहरूले पनि आफ्नो धारणा प्रस्तुत गर्न थालेकाले अब यो बहस सकारात्मक दिशातर्फ अघि बढ्ने सङ्केत देखिएको छ ।*

नेपालको संविधान २०७२ केवल कानुनी दस्तावेज मात्र होइन, दशकौँ लामो राजनीतिक सैर्ष, जनआन्दोलन, सशस्त्र द्वन्द्व, मधेस आन्दोलन, समावेशिता र सैँघीय लोकतान्त्रिक गणतन्त्रको यात्राबाट निर्मित राष्ट्रिय राजनीतिक सहमति पत्र हो । यही कारण संविधान संशोधनको विषय केवल सरकारको प्रशासनिक वा संसदीय एजेन्डामा सीमित रहँदैन, बरु राज्यको राजनीतिक वैधता, ऐतिहासिक सम्झौता, लोकतान्त्रिक विश्वास र जनअपेक्षासँग प्रत्यक्ष जोडिन्छ । संविधान कार्यान्वयनको एक दशकको अनुभवपछि यसको केही व्यवस्था समयानुकूल परिमार्जन गर्नुपर्ने आवाज सत्ता, प्रतिपक्ष र सडकसम्मबाट उठ्दै आएको थियो । यद्यपि यसका लागि ठोस र संस्थागत पहल हुन सकेको थिएन । यही सन्दर्भमा नवगठित सरकारले १६ चैतको मन्त्रिपरिषद् बैठकमार्फत 'संविधान संशोधन बहस पत्र तयार गर्ने कार्यदल' गठन गरेपछि संविधान संशोधनबारे राजनीतिक दलहरूबिच औपचारिक अन्तर्क्रिया सुरु भएको छ । कार्यदलले विभिन्न दलहरूसँग सुझाव माग्न थालेको र दलहरूले पनि आफ्नो धारणा प्रस्तुत गर्न थालेकाले अब यो बहस सकारात्मक दिशातर्फ अघि बढ्ने सङ्केत देखिएको छ । नेपालमा संविधान निर्माणको प्रक्रिया विश्वकै जटिल राजनीतिक सङ्क्रमणमध्ये एक मानिन्छ । २०६२/०६३ को जनआन्दोलनपछि राजतन्त्रको अन्त्य गर्दै मुलुक सैँघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको थियो । त्यसपछि निर्वाचित पहिलो संविधानसभाले संविधान निर्माणको जिम्मेवारी पाए पनि सैँघीयता, शासन प्रणाली, निर्वाचन प्रणाली, न्यायपालिका र पहिचानका विषयमा दलहरूबिच सहमति जुट्न नसक्दा संविधानसभा विघटन भयो । अन्तत: दोस्रो संविधानसभाबाट ०७२ मा संविधान जारी भयो, जुन कुनै एक दलको दस्तावेज नभई नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), मधेस केन्द्रित दल, जनजाति प्रतिनिधि, महिला आन्दोलन, नागरिक समाज र विभिन्न सामाजिक समूहहरूको लामो संवाद, सहमति र सम्झौताबाट बनेको साझा दस्तावेज थियो । त्यसैले संविधान संशोधनको बहस पनि सहमति, सौहार्दता र साझा स्वामित्वको भावनाबाट अघि बढ्न आवश्यक छ । संविधान संशोधनलाई दलगत टकराब वा सत्ता-प्रतिपक्षको प्रतिस्पर्धाको रूपमा होइन, कार्यान्वयनका अनुभवका आधारमा लोकतन्त्रलाई अझ प्रभावकारी, उत्तरदायी र समावेशी बनाउने अवसरका रूपमा हेर्न सकिए मात्र त्यसले अपेक्षित राजनीतिक तथा शासकीय सुधारको मार्ग प्रशस्त गर्न सक्छ । नेपालको संवैधानिक अभ्यास हेर्ने हो भने महत्त्वपूर्ण संवैधानिक परिवर्तनका लागि विश्वसनीय संरचना निर्माण गर्ने परम्परा देखिन्छ । ०४७ सालको संविधान निर्माणका बेला पनि संवैधानिक सुझाव आयोग बनेको थियो । विभिन्न संवैधानिक विवादहरू समाधान गर्न पूर्वप्रधानन्यायाधीश वा वरिष्ठ कानुनविद्को नेतृत्वमा आयोग बनाउने अभ्यास नेपालमा रहिआएको छ । यसको कारण के हो भने संविधानमाथिको बहस केवल दलगत स्वार्थले निर्देशित नहोस्, त्यसमा विधिशास्त्रीय गम्भीरता, ऐतिहासिक चेतना र राष्ट्रिय सहमतिको भावना समेत समावेश होस् भन्ने हो । अहिलेको कार्यदलमा यस्ता व्यापक प्रतिनिधित्व र विश्वसनीयताको अभाव देखिएको भन्दै उठेको आलोचनाहरू उत्तिकै विरोधका लागि भनिएका सामान्य राजनीतिक टिप्पणी होइनन् । अझ महत्त्वपूर्ण कुरा के छ भने वर्तमान सरकार आफैँ ०७२, सालको संविधान स्वीकार गरेर भएको निर्वाचनको परिणामबाट बनेको हो । यदि संविधानलाई पूर्णरूपमा अस्वीकार गर्ने राजनीतिक शक्ति भएको भए परिस्थिति फरक हुन्थ्यो । तर यही संविधानको वैधानिक संरचनाबाट निर्वाचित सरकार हुँदा संशोधनको प्रक्रिया पनि त्यही संविधानको आत्मा अनुरूप समावेशी र सहमतिमूलक हुनुपर्ने अपेक्षा गरिनु स्वाभाविक हो । संविधान स्वीकार गरेर शासन सञ्चालन गर्ने अनि संशोधनका नाममा मूल सहमतिधारी शक्तिहरूलाई पाखा लगाउने प्रयास गरियो भने त्यसले राजनीतिक अविश्वास बढाउन सक्छ । राष्ट्रिय स्वतन्त्र पार्टी नयाँ राजनीतिक शक्ति भएकाले उसले पुराना दलहरूको कमजोरी, भ्रष्टाचार, प्रशासनिक असक्षमता र जनतामा बढेको निराशालाई आफ्नो राजनीतिक आधार बनाएको देखिन्छ । त्यसमा केही हदसम्म जनसमर्थन पनि प्राप्त भएको छ । तर संविधानको प्रश्न केवल पुराना विरुद्ध नयाँको बहस होइन । संविधान राज्यको निरन्तरता र स्थायित्वसँग सम्बन्धित विषय हो । त्यसैले नयाँ राजनीतिक शक्ति भएकै कारण पुराना राजनीतिक सहमतिहरूलाई पूर्णत: अस्वीकार गर्ने प्रवृत्ति लोकतान्त्रिक परिपक्वताको सङ्केत होइन । संविधान निर्माणमा योगदान दिएका दलहरूलाई केवल विगतका पुराना शक्ति भनेर उपेक्षा गर्नु इतिहासको वास्तविकतालाई ठाडै अस्वीकार गर्नु हो । संविधान कार्यान्वयनको दस वर्षे अनुभवले निश्चित रूपमा केही कमजोरी देखाएको छ । सैँघीयता कार्यान्वयनमा अधिकार बाँडफाँडको अस्पष्टता, प्रदेश संरचनाको प्रभावकारिता, राष्ट्रिय सभा र प्रतिनिधिसभाबिचको अधिकार सन्तुलन, संवैधानिक आयोगहरूको राजनीतिकरण, न्यायपालिकाको नियुक्ति प्रणाली, निर्वाचन प्रणालीको खर्चिलो स्वरूप र राजनीतिक अस्थिरता जस्ता प्रश्नहरू उठेका छन् । यी विषयमा बहस हुनु आवश्यक छ । तर यी समस्याको समाधान खोज्ने क्रममा संविधानको मूल मर्म र ऐतिहासिक सहमतिलाई कमजोर बनाउने प्रयास भयो भने त्यसले झन् ठुलो सङ्कट निम्त्याउन सक्छ । उदाहरणका लागि सैँघीयताको प्रश्नलाई हेरौँ । संविधान निर्माणका समयमा सैँघीयता केवल प्रशासनिक पुनर्संरचना थिएन, यो ऐतिहासिक रूपमा बहिष्कृत समुदायहरूको राजनीतिक सहभागिताको बलियो माध्यम थियो । यदि संशोधनका नाममा प्रदेश संरचनालाई कमजोर बनाउने वा अत्यधिक केन्द्रीकरणतर्फ फर्कने प्रयास गरियो भने मधेस, जनजाति र क्षेत्रीय पहिचानका आन्दोलन फेरि चर्किन सक्छन् । त्यसैगरी समावेशी प्रतिनिधित्वको व्यवस्थालाई कमजोर बनाइयो भने संविधानले स्थापित गरेको सामाजिक न्यायको अवधारणामाथि नै प्रश्न उठ्न सक्छ । संविधान संशोधनका अन्तर्राष्ट्रिय अभ्यासहरू हेर्दा पनि व्यापक सहमतिको महत्त्व स्पष्ट देखिन्छ । दक्षिण अफ्रिकामा रंगभेद अन्त्यपछिको संविधान निर्माणमा नेल्सन मण्डेलाको नेतृत्वले सबै पक्षलाई समेटेर राष्ट्रिय मेलमिलापको आधार तयार गरेको थियो । भारतमा संविधान संशोधनका क्रममा पनि संवेदनशील विषयमा प्राय: सर्वदलीय सहमति खोज्ने परम्परा छ । अमेरिकामा समेत संविधान संशोधन अत्यन्त कठिन बनाइएको छ, ताकि क्षणिक राजनीतिक बहुमतले राज्यको आधारभूत संरचना परिवर्तन गर्न नसकोस् । नेपालजस्तो सङ्क्रमणकालीन लोकतन्त्रमा त झन् सहमतिको आवश्यकता अझ बढी हुन्छ । यही कारण संविधान संशोधनको बहसलाई सरकारले राजनीतिक उपलब्धिको परियोजना बनाउन खोज्नु उपयुक्त देखिँदैन । संविधान संशोधन कुनै पार्टीको चुनावी घोषणापत्र कार्यान्वयनको साधन मात्र होइन । यो राष्ट्रिय विश्वासको दस्तावेज र पुनर्निर्माणको प्रक्रिया हुनुपर्छ । त्यसका लागि पूर्वप्रधानन्यायाधीश, संवैधानिक विज्ञ, संविधानसभाका सदस्य, नागरिक समाज, महिला, दलित, जनजाति, मधेसी र युवा प्रतिनिधित्व भएको उच्चस्तरीय आयोग गठन गरिनुपर्छ । त्यस्तो संरचनाले मात्र संशोधन प्रक्रियालाई विश्वसनीय बनाउँछ । आज नेपाली समाजमा लोकतन्त्रप्रति निराशा बढेको छ । भ्रष्टाचार, बेरोजगारी, सेवा प्रवाहको कमजोरी र राजनीतिक अस्थिरताले जनतामा असन्तोष छ । तर यसको समाधान संविधानलाई दोष दिएर मात्र सम्भव हुँदैन । संविधान कार्यान्वयन गर्ने राजनीतिक संस्कार, प्रशासनिक क्षमता र नेतृत्वको इमानदारी पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । धेरै समस्या संविधानभन्दा व्यवहारमा छन् । सैँघीयता असफल भयो भन्ने निष्कर्ष निकाल्नु अघि सैँघीयताको मर्मअनुसार अधिकार र स्रोत हस्तान्तरण कति भयो भन्ने प्रश्न पनि उठ्नुपर्छ । अन्तत: संविधान संशोधनको प्रश्न राष्ट्रिय सहमतिबाट मात्र सफल हुन सक्छ । बहुमतको दम्भबाट गरिने संशोधनले कानुनी वैधता त पाउन सक्छ, तर राजनीतिक र नैतिक वैधता पाउँदैन । नेपालको राजनीतिक इतिहासले देखाएको छ कि सहमति बिना गरिएको निर्णय दीर्घकालीन रूपमा टिकाउ हुँदैन । ०१७ सालमा संसदीय व्यवस्था विघटन, ०४६ पछि भएका अस्थिर प्रयोग, पहिलो संविधानसभा विघटन लगायतका घटनाले यही शिक्षा दिएका छन् । त्यसैले संविधान संशोधनलाई प्रतिशोध, प्रभुत्व वा राजनीतिक प्रदर्शनको माध्यम होइन, राष्ट्रिय सहमतिलाई पुन: सुदृढ गर्ने अवसरका रूपमा लिनुपर्छ । ०७२ को संविधान अपूर्ण हुन सक्छ, त्यसमा सुधार आवश्यक हुन सक्छ, तर त्यसको निर्माणमा समेटिएको ऐतिहासिक पीडा, सैर्ष र सहमतिलाई बेवास्ता गरेर गरिने कुनै पनि संशोधनले राष्ट्रिय एकता बलियो बनाउँदैन । संविधान केवल कानुनको किताब होइन, यो नेपाली समाजको साझा राजनीतिक सम्झौता हो । त्यसैले यसको संशोधन पनि साझा जिम्मेवारी र साझा स्वामित्वबाट मात्र सम्भव बनाइनु पर्छ ।*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : घरायसी काममा समय खर्च हुन सक्छ। चिन्ता कम हुँदै जानेछ। | **तुला** : कामको जिम्मेवारी बढ्न सक्छ। अनुभवले सही निर्णय लिन मद्दत गर्नेछ। |
| **वृष** : नयाँ जानकारीले फाइदा दिलाउनेछ। दिन चहलपहलपूर्ण रहनेछ। | **वृश्चिक** : नयाँ कुरा सिक्ने इच्छा जाग्नेछ। समाचारले मन खुसी बनाउनेछ। |
| **मिथुन** : आर्थिक सुधारको संकेत देखिनेछ। मेहनतको उचित मूल्य प्राप्त हुनेछ। | **धनु** : गोपनीय विषयमा सावधानी अपनाउनु । मन क्रमश: स्थिर बन्नेछ। |
| **कर्कट** : आत्मबल राम्रो रहनेछ। आफ्नो विचार स्पष्ट रूपमा राख्न सकिनेछ। | **मकर** : व्यक्तिसँग समझदारी बढ्नेछ। सम्बन्धमा विश्वास बलियो बन्नेछ। |
| **सिंह** : विश्रामको आवश्यकता महसुस हुनेछ। शान्त भएर काम गर्नु राम्रो हुनेछ। | **कुम्भ** : काममा व्यस्तता बढ्नेछ। समयको सही उपयोगले राम्रो परिणाम दिनेछ। |
| **कन्या** : सम्बन्ध बलियो बन्नेछ। नयाँ योजना तयार गर्ने अवसर मिल्नेछ। | **मीन** : सानो सफलताले ठूलो खुशी दिनेछ। दिन आनन्दमय बित्नेछ। |

कला मनोरञ्जन

# नाम र स्टारडमले मात्र फिल्म चल्दैन : गौरी मल्ल



वरिष्ठ अभिनेत्री गौरी मल्लले नेपाली चलचित्रको सफलता कुनै कलाकारको नाम वा स्टारडमले मात्र नभई कथावस्तु र कलाकारिताले निर्धारण गर्ने बताएकी छन् । काठमाडौंमा जारी काठमाडौं कलिङ साहित्य महोत्सव अन्तर्गत 'सिनेमा : हिजो, आज र भोलि' विषयक छलफलमा बोल्दै उनले फिल्म राम्रो हुन कथा राम्रो हुनुपर्नेमा जोड दिइन् । 'कुनै कलाकारको अनुहार वा नामका आधारमा मात्रै सिनेमा चलेको छैन । हिजो पनि विषयवस्तु नै बोल्थ्यो, आज पनि बोल्छ र भोलि पनि बोल्ने त्यही हो' उनले भनिन् । चलचित्र क्षेत्रमा चार दशकभन्दा बढी समय बिताएकी मल्लले आफ्नो सुरुवाती यात्रा सम्झँदै पहिले पनि कलाकारसँग औपचारिक सम्झौता हुने गरेको तर बीमाको व्यवस्था नभएको बताइन् । अहिले भने बीमा अनिवार्य भइसकेको उनको भनाइ थियो । उनले आृनो समयलाई नेपाली चलचित्रको 'स्वर्ण युग' को संज्ञा दिँदै त्यसबेला दर्शक र कलाकारबीच गहिरो सम्बन्ध रहेको उल्लेख गरिन् । 'हामीलाई दर्शकले घरमा बोलाएर दही, मोही र गुन्द्रुकसम्म उपहार दिनुहुन्थ्यो । अहिले त्यो आत्मीयता कम हुँदै गएको छ,' उनले भनिन् । कार्यक्रममा अभिनेता बुद्धि तामाङले नेपाली चलचित्रमा चरित्र कलाकारहरूको भूमिका र पहिचान विस्तार हुँदै गएको बताए । पहिले चलचित्र केही सीमित पात्र वरिपरि केन्द्रित हुने गरे पनि अहिले कथाले विभिन्न पात्रलाई समान अवसर दिन थालेको उनको धारणा थियो । अभिनेत्री रेणुनाथ योगीले नेपाली चलचित्रमा महिलाका पात्रको प्रस्तुतीकरणमा सुधार भए पनि महिला मनोविज्ञानलाई अझ गहिराइमा बुझेर कथा लेखिनुपर्ने आवश्यकता औंल्याइन् । उनले थपिन्, 'महिला पात्रहरू अहिले पहिलेभन्दा बढी केन्द्रमा आएका छन् । तर महिला मनोविज्ञानको वास्तविक गहिराइ अझै पर्याप्त रूपमा कथामा समेटिएको देख्दिनँ ।' पत्रकार लक्ष्मी बलायरको सहजिकरण रहेको कार्यक्रममा वक्ताहरूले नेपाली चलचित्र उद्योगमा प्रविधिको विकास, कलाकारहरूको चुनौती, दर्शकको बदलिँदो रुचि तथा चलचित्रको भविष्यकाको बिषयमा समेत आफ्नो धारणा राखेका थिए ।

*-रातोपाटी डटकम*

# बजेटका कारण अड्किएको हो 'कृष ४' ?



बलिउडको चर्चित प्रोजेक्टमध्ये एक 'कृष ४' को निर्माण घोषणा भएको डेढ वर्षभन्दा बढी भइसकेको छ । तर, अझै यो सुपरहिरो फ्रेन्चाइज फिल्म छायांकनमा जान सकेको छैन । केही समयअघि फिल्मको बजेटलाई लिएर ऋतिक रोशन र यशराज फिल्म्सबीच मतभेद उत्पन्न भएको खबर बाहिरिएको थियो । फिल्मको छायांकनमा ढिलाइ हुनुको मुख्य कारण यसैलाई मानिएको छ । भारतीय मिडियाका अनुसार ऋतिकले फिल्मका लागि भारु ५ सय करोड बजेट मागेका छन् । तर, यशराजका प्रमुख आदित्य चोपडा भने ३५० करोडभित्र छायांकनदेखि पोस्ट प्रोडक्सनसम्म सक्नुपर्ने पक्षमा छन् । ऋतिक र आदित्यबीच बजेटमा सहमति जुट्न नसक्दा लामो समयदेखि फिल्मको पूर्वतयारीका काम समेत प्रभावित भएको जनाइएको छ । तर, हालै एक अन्तर्वार्ताका क्रममा ऋतिकका पिता तथा निर्देशक राकेश रोशनले बजेटका कारण फिल्मको छायांकनमा ढिलाइ नभएको स्पष्ट पारेका छन् । उनले ऋतिकले यशराजसँग ५ सय करोड बजेट मागेको भन्ने विषयको पनि खण्डन गरेका छन् । फिल्मको बजेटलाई लिएर यशराजसँग कुनै विवाद र मतभेद नरहेको उनको भनाइ छ । उनले भनेका छन्, 'फिल्म कुनै विवाद वा मतभेदका कारण अड्किएको होइन । 'कृष ४'माथि काम भइरहेको छ र फिल्मलाई लिएर कुनै प्रकारको समस्या छैन । हाल ऋतिक आफ्ना अन्य व्यावसायिक प्रतिबद्धता र प्रोडक्सन हाउसका काममा व्यस्त छन् । त्यसैले छायांकनको मिति तय हुन नसकेको हो ।' उनका अनुसार ऋतिकको समय मिल्नसाथ फिल्मको छायांकन सुरु हुनेछ । 'कृष ४' यसकारण पनि विशेष छ कि यो ऋतिक रोशनको निर्देशनमा बन्ने पहिलो फिल्म हुनेछ । केही समयअघि राकेश रोशनले सामाजिक सञ्जालमा एक पोस्ट लेख्दै 'कृष ४'मार्फत ऋतिकले निर्देशनमा डेब्यू गर्ने घोषणा गरेका थिए । यस फिल्ममा उनको अभिनय पनि रहनेछ । 'कृष'का अघिल्ला श्रृंखलाले बक्स अफिसमा ठूलो व्यावसायिक सफलता हासिल गरेका थिए ।

*-फिल्मी खबर डटकम*

# प्रमोद खरेलले दिए कर्णालीकी सृष्टिलाई गाउने मौका



स्थानीय भैरव मावि नराकोटमा कक्षा ९ मा अध्ययनरत सृष्टिले काठमाडौं आएर मारुनी रेकर्डिङ स्टुडियोमा गीत रेकर्ड गराएकी थिइन् । यो गीतका लागि सृष्टि कसरी प्रमोदसँग भेटिइन् भन्ने कुरा पनि रोचक किस्सा छ । कर्णालीको यो गीत बनाउन प्रमोद कर्णालीको मौलिकता झल्कने आवाजको खोजीमा थिए । 'यो गीतमा कर्णालीको मौलिक आवाज होस् । जसरी कर्णालीको पानी बगिरहेको छ, त्यसरी नै बगेर कर्णालीबाट कहिँकतै जाने, कहिँकतै पुग्ने, कतै हेर्ने इच्छा भएको एउटा त्यहाँको चेली आवाज होस् भन्ने थियो' प्रमोद भन्छन्, 'बाहिर व्यवसायिकरुपमा गीत गाइरहेकाले भन्दा पनि, कहिल्यै गीत नगाएको र त्यहीँ कर्णालीको जुम्ला, हुम्लातिरकै र आवाज खोजिरहेको थिएँ ।' यही मेसोमा प्रमोदले धेरैअघि राप्रपाका जुम्लेली सांसद ज्ञानेन्द्र शाहीसँग भएको आफ्नो कुराकानी सम्झिए । शाहीले राम्रो आवाज भएको एउटी बहिनी छ, यो आवाजलाई कतै समेट्नुपर्‍यो भनेर प्रमोदलाई भनेका रहेछन् । 'अनि मलाई त्यो भनेको, ठ्याक्कै याद आयो । मलाई यस्तै आवाज चाहिएको थियो भने मैले तुरुन्तै उनलाई सम्पर्क गरेँ। उनले बोलाइदिए र काठमाडौंमा भेटघाट गराइदिनुभयो' प्रमोदले सम्झिए, 'मैले भेटेर उनलाई स्टुडियो लगेर पहिलोचोटी गीत रेकर्ड गराएँ ।' यो गीत रिलिज भएपछि प्राप्त मीठा प्रतिक्रियाले सृष्टि खुसी छिन् । उनी अहिले जुम्ला फर्किएर पठनपाठन निरन्तर गर्दैछिन् । संक्षिप्त तर उनको मौलिक आवाजको यतिबेला प्रशंसा भैरहेको छ । गायक प्रमोदले पनि मौलिक आवाज खोज्ने क्रममा सृष्टिलाई गीतमा जोड्न पाउनु आफ्नो लागि खुसीको कुरा भएको बताए । प्रमोदले टिभी रियालिटी शो 'भ्वाइस अफ नेपाल'बाट पनि मौलिक प्रतिभालाई प्रोत्साहन गर्दै आइरहेका छन् ।

*-अनलाइन खबर डटकम*

# फर्जी यौन दुर्व्यवहारको आरोप स्वीकार गरेपछि विवादमा शिल्पा शिन्दे, पक्राउ गर्न माग



भारतीय टेलिभिजन रियालिटी शो 'बिग बोस ११' की विजेता तथा चर्चित अभिनेत्री शिल्पा शिन्दे आफ्नो पछिल्लो पोडकास्ट अन्तरवार्ताका कारण गम्भीर विवादमा तानिएकी छन् । अभिनेत्री शिन्देले हास्य कलाकार भारती सिंह र हर्ष लिम्बाचियाको पोडकास्टमा आफूले 'भाभी जी घर पर हैं' शोका निर्माता सन्जय कोहलीविरुद्ध पैसा असुल गर्नका लागि यौन दुर्व्यवहारको झुटा उजुरी दर्ता गराएको स्वीकार गरेकी हुन् । उक्त पोडकास्ट सार्वजनिक भएसँगै पुरुष अधिकारको क्षेत्रमा कार्यरत एक गैरसरकारी संस्थाले उनीविरुद्ध कानुनी कारबाहीको माग गरेको छ भने बलिउडका कतिपय स्थापित कलाकारहरूले समेत उनको यस कदमको तीव्र आलोचना गरेका छन् । पुरुष हितका लागि काम गर्ने संस्था 'एनसीएम इन्डिया काउन्सिल फर मेन्स अफेयर्स' ले सामाजिक सञ्जालमार्फत मुम्बई पुलिसलाई ट्याग गर्दै निर्मातामाथि झुटा आरोप लगाएको कसुरमा शिल्पा शिन्देलाई तत्काल पक्राउ गर्न माग गरेको छ । त्यस्तै, बिग बोसमा उनकी सह-प्रतिस्पर्धी रहेकी अभिनेत्री हिना खानले सामाजिक सञ्जालमा आक्रोश पोख्दै महिला हुनुको फाइदा उठाएर कसैको चरित्र हत्या गर्नु र आफ्नो स्वार्थ पूरा गर्नु अत्यन्तै लज्जास्पद भएको बताएकी छन् । उनले ती निर्माता र उनको परिवारले भोगेको मानसिक तनावप्रति सहानुभूति प्रकट गर्दै वास्तविक पीडितहरूका लागि यो कदम घातक हुने उल्लेख गरेकी छन् । अर्की अभिनेत्री पूजा बेदीले पनि एक अन्तर्वार्ताका क्रममा पीडितको सुरक्षाका लागि बनेका कानुनको व्यक्तिगत फाइदा र बदलाका लागि दुरुपयोग गर्नेहरूलाई कडा सजाय हुनुपर्ने र यसले वास्तविक पीडितमाथिको जनविश्वास घटाउने टिप्पणी गरेकी छन् । चौतर्फी आलोचना र विवाद बढेपछि अभिनेत्री शिन्देले सामाजिक सञ्जालमा एक भिडियो सन्देश जारी गर्दै आफ्नो बचाउ र स्पष्टीकरण दिएकी छन् । आफूलाई कसैको आलोचनाले फरक नपर्ने दाबी गर्दै उनले तत्कालिन समयमा आफू चरम मानसिक तनावमा रहेको र आत्महत्याको स्थितिमा पुगेका कारण त्यस्तो कदम चाल्न बाध्य भएको जिकिर गरेकी छन् । उनले विगत १० वर्षदेखि आफूले भोगेको पीडा अरू कसैलाई थाहा नभएको र ढिलोचाँडो सत्य बाहिर ल्याउनु नै आफ्नो उद्देश्य रहेको बताएकी छन् । सन् २०१५ मा 'भाभी जी घर पर हैं' मा अङ्गूरी भाभीको भूमिकाबाट लोकप्रियता कमाएकी शिन्देले सन् २०१६ मा निर्मातामाथि गम्भीर आरोप लगाउँदै शो छोडेकी थिइन् भने हाल ९ वर्षपछि उनी पुन: सोही शोमा फर्किएकी छन् ।

*-डिसी नेपाल डटकम*

# बाल विवाह र आत्महत्या न्यूनीकरण सम्बन्धी सचेतना



**पाल्पा,** जेठ २६/जिल्लाको रामपुरमा बाल विवाह र आत्महत्या न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम गरिएको छ । रामपुर नगरपालिकाले विभिन्न विद्यालयका विद्यार्थीहरुलाई सचेतना प्रदान गरेको हो ।

किशोरी तथा बालिकासँग उपप्रमुख कार्यक्रम अन्तर्गत नगरभित्रका नीजि तथा सामुदायिक गरी ६ वटा विद्यालयमा सचेतनात्मक कार्यक्रम गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले वडा नं.३ को जनविकास माध्यमिक विद्यालय र रजघरा इङ्गिलस बोर्डिङ स्कुल रजघरा, वडा नं. ५ को भुपू सैनिक राईजिङ इङ्गिलस बोर्डिङ स्कल मटेरी र रामपुर अंग्रेजी आवासिय माध्यमिक विद्यालय , वडा नं. ७ को आनन्द निकेतन विद्याश्रम र वडा नं. ८ को गंगा माध्यमिक विद्यालय एक्लेटारमा सचेतना कार्यक्रम गरेको हो । अभियान अन्तर्गत मंगलबार रजघरामा भएको कार्यक्रममा बोल्दै रामपुर नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले रामपुर नगरपालिकालाई यही २०८३ साल मंसिर ५ गते भित्र बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्यका साथ विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताइन् । यसका लागि उपप्रमुखसंग बालिका कार्यक्रमलाई पनि बाल विवाह र आत्महत्या सम्बन्धी सचेतना अभियान सञ्चालन गरेको बताइन् । उनले पछिल्लो समय बालविवाह र बालबालिकाको आत्महत्याका घटना बढ्दो रुपमा रहेकाले यसको रोकथाम र न्युनिकरणका लागि सबै सचेत हुन आवश्यक रहेको उल्लेख गरे । बाल विवाह समाजमा विकृतिको रुपमा रहेको भन्दै यसको न्युनिकरण गर्नु पर्नेमा उनले जोड दिइन् । कार्यक्रममा रामपुर नगरपालिका वडा नं. ३ का अध्यक्ष दामोदर पाठकले बाल विवाह रोक्नका लागि बालबालिका र विद्यार्थीको महत्वपूर्ण भूमिका हुने बताए । साथै समाजमा हुन सक्ने यस्ता घटनालाई रोकथाम गर्नका लागि समाजलाई सु-सूचित गर्नु पर्नेमा जोड दिए । यस्तै रामपुर नगरपालिकाका शिक्षा अधिकृत विकल काृलेले बाल विवाहले सामाजिक शारिरिक, आर्थिक रुपमा असर पुऱ्याउने भन्दै वाल विवाह गर्न कानुनले समेत वर्जित गरेको बताए । यसैगरी इलाका प्रहरी कार्यालय रामपुर पाल्पाका प्रहरी निरिक्षक लाल बहादुर सुनारले बाल विवाहबाट निम्तिन सक्ने जोखिम, कानुनी प्रावधान, आत्महत्या रोकथामका उपाय लगाएतका विषयमा सहजिकरण गरेका थिए ।बालबालिकालाई आत्महत्या र बालविवाह सम्बन्धी सचेतना जगाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरेको महिला बालबालिका शाखा प्रमुख तथा बाल कल्याण अधिकारी पुजा परियारले बताए । जनविकास माध्यमिव विद्यालय र रजघरा इङ्गिलस बोर्डिङ स्कुल रामपुर ३ रजघरामा गरी दुई स्थानमा भएको कार्यक्रम रामपुर नगरपालिका वडा नं. ३ का अध्यक्ष दामोदर पाठकको अध्यक्षता, महिला बालबालिका शाखा प्रमुख तथा बाल कल्याण अधिकारी पुजा परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### विश्वकपको मैत्रीपूर्ण फुटबलमा फ्रान्स विजयी



**काठमाडौं,** जेठ २६/विश्वकपको तयारीअन्तर्गत भएको मैत्रीपूर्ण फुटबलमा फ्रान्स विजयी भएको छ । गएराति लिलमा सम्पन्न खेलमा फ्रान्सले उत्तरी आयरल्यान्ड लाई ३-१ गोलले पराजित गरेको हो । फ्रान्सको जितमा माइकल ओलिसेले ह्यार्टिक गर्दै टोलीलाई जित दिलाए । पहिलो हाफ सकिन दुई मिनेट बाँकी रहँदा गोल गर्दै फ्रान्सलाई अग्रता दिलाएका ओलिसेले दोस्रो हाफ शुरु भएको चार मिनेटमै अर्को गोल थपेपछि फ्रान्स २-० गोलले अघि बढेको थियो । उत्तरी आयरल्यान्डका प्याट्रिक केलीले एक गोल फर्काउँदै खेललाई २-१ को अवस्थामा पुऱ्याए । तर खेलको ७५औं मिनेटमा ओलिसेले व्यक्तिगत तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरे र फ्रान्सको ३-१ को जित सुनिश्चित गरे ।फ्रान्सले असार २ गते सेनेगलसँग खेल्दै विश्वकप यात्रा शुरु गर्नेछ । समूह 'आई' मा रहेको फ्रान्सले त्यसपछि इराक र नर्वेसँग प्रतिस्पर्धा गर्नेछ । फ्रान्स चार दिनअघि भएको मैत्रीपूर्ण फुटबलमा आइभरी कोस्टसँग २-१ गोलले पराजित भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से घट्यो,कारोबार भने बढ्यो



**पाल्पा,** जेठ २६/मंगलबार नेप्से परिसूचक घटेको छ भने कारोबार रकम बढेको छ । सो अवधिमा नेप्से १ दशमलव ५४ अंकले घटेर २ हजार ७ सय ३३ दशमलव ५९ विन्दु कायम भएको हो ।

यससँगै लगातार ४ कारोबार दिन नेप्से घटेको छ । अघिल्ला ३ कारोबार दिन नेप्से दोहोरो अंकले घटे पनि मंगलबार भने सामान्य अंकको गिरावट आएको हो । दिनभरीको कारोबारमा अधिकांश समय नेप्से दोहोरो अंकले घटेको थियो । तर अन्तिम समयमा बजार उकालो लागेको थियो । तर पनि करिब साढे १ अंकले ऋणात्मक अवस्थामै बन्द भयो । मंगलबार कारोबारमा आएकामध्ये १०५ कम्पनीको मूल्य बढ्यो, १५१ कम्पनीको घट्यो र १५ वटाको स्थिर रह्यो । सो दिन कुल ६३ हजार ७ सय ३२ पटकको सेयर किनबेचमा १ करोड २३ लाख ८२ हजार १७ कित्ता सेयर खरिदबिक्री भए । किनबेचमा ६ अर्ब ४४ करोड ३१ लाख रुपैयाँ बराबर सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम बढेको हो । गत सोमबार ४ अर्ब ८ करोड ४८ लाख रुपैयाँको सेयर कारोबार भएको थियो । सो दिन कारोबारमा आएका १३ वटा उपसमूहमध्ये होटेल तथा पर्यटन, जलविद्युत्, उत्पादन तथा प्रशोधन र अन्यको परिसूचक घटे । बाँकी उपसमूहको परिसूचक बढेपनि समग्र नेप्से सकारात्मक बन्न सकेन । मंगलबार बैकिङ उपसमूहको परिसूचक भने स्थिर छ ।

## संसद् सञ्चालनमा...

...विपक्षी दलहरूले प्रधानमन्त्रीबाट उक्त भनाइको प्रष्टिकरण संसदमा नै आउनुपर्ने माग गरिरहेका छन् । प्रधानमन्त्री शाहले प्रतिनिधिसभाको जेठ १७ को बैठकमा भनेका थिए, 'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला मैले पनि अस्ति भर्खर प्रधानमन्त्री भइसकेपछि थाहा पाएँ, भारतले नेपालको जग्गा मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ ।' प्रधानमन्त्रीले हालसम्म प्रतिनिधिसभामा जवाफ दिएका छैनन् । सरकारका प्रवक्ता सस्मित पोखरेलले आवश्यकता परेमा प्रधानमन्त्री शाह संसदमा जवाफ दिन तयार रहेको बताउँदै आए पनि प्रतिपक्षले माग गर्दा समेत जवाफ दिएका छैनन् । निरन्तर अवरोधपछि मंगलबार १ बजे सुरु भएको बैठक स्थगित गरिएको छ । सभामुख डीपी अर्यालले प्रतिनिधिसभा बैठकको अर्को समय बुधबार ११ बजेका लागि तय गरेका छन् । यस्तै राष्ट्रिय सभामा पनि प्रधानमन्त्रीको अभिव्यक्तिको विरोधभएपछि बैठक स्थगित भएको छ । सरकारले विपक्षी दलका मागलाई समाधानतर्फ अगाडि बढाउने बाचा नगरी फेरि संसद बैठक बसेसँगै विपक्षी दलका सांसदहरूले विरोध जनाएसँगै अध्यक्ष नारायणप्रसाद दाहाले बैठक बिहीबार बस्ने गरी स्थगित गरेका हुन् । बैठकमा प्रतिपक्ष दलका सांसदहरूले तत्काल बालेनलाई संसदमा बोलाउन स्पष्ट पार्न आग्रह गरिरहेका छन् ।

## १५ दिने दावी विरोध सम्बन्धी सूचना

*मिति : २०८३/०२/२७*

प्रस्तुत विषयमा निस्दी गाउँपालिका वडा नं. ५ स्थायी ठेगाना भई हाल तानसेन नगरपालिका वडा नं. ६ बारुदखानस्थित नर बहादुर वयम्बुको नातिनी, पृथी बहादुर वयम्बुको छोरी, नर बहादुर राई मगरको श्रीमति भुमासरा राई मगरको नाममा दर्ता कायम रहेको कित्ता नं. १९६२ क्षेत्रफल ०-३-०-० को जग्गामा घर बनाउन लागेको र पश्चिमतर्फको कि.नं. १९६३ को संधीयार मधुसुदन श्रेष्ठ सम्पर्कमा नआएकाले उक्त हाम्रो जग्गामा घर निर्माणको लागि नक्सा पास हुन नसकेकाले यो सूचना प्रकाशित गरिएको छ । जग्गाधनी भुमासरा राई मगरले प्रकाशित गरेको सूचना मितिले १५ दिनभित्र सधीयार मधुसुदन श्रेष्ठको कुनै दावी विरोध रहेमा स-प्रमाण सहित तानसेन नगरपालिका कार्यालयको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नाप नक्सा तथा निर्माण कार्य सूचारु हुने यसै सूचनाबाट जानकारी गराइन्छ ।

इति सम्वत २०८३ साल जेठ २७ गते रोज ४ शुभम्...।

## आमा समूहले...

..."पहिले गाउँमा विवाह, व्रतबन्ध हुँदा नौमती बाजा बज्थे", खड्काले भनिन्, "पछिल्लो समय आधुनिक गीत र रेकर्ड गरिएका सङ्गितले नौमतीसहित मौलिक बाजा बच्न छोडेका छन् । त्यसैले हामीले यसलाई संरक्षणसँगै आयआर्जनको माध्यम बनाउन सुरुवात गरेका हौँ ।" उनका अनुसार विसं २०७९ को तिहारमा भैलो खेलेर सङ्कलन भएको एक लाख ४० हजारले मौमतीका लागि आवश्यक पर्ने सामग्री खरिद गरिएको हो । जनचेतना आमा समूहमा अहिले २५ जना महिला आबद्ध छन् । नौमती बजाउँदा केही आम्दानी पनि भइरहेको भन्दै हाम्रा मौलिक कला, संस्कृति र गीतसङ्गित संरक्षणका लागि भवन आवश्यक परेको अध्यक्ष खड्काले बताइन् । "भवन निर्माणका लागि स्थानीय सरकारबाट सहयोगको अपेक्षा गरेका छौँ", उनले भनिन् । अध्यक्ष खड्काका अनुसार अहिले तुलसीपुर उपमहानगरपालिकाका विशेष जनचेतनामूलक कार्यक्रमदेखि तुलसीपुर उद्योग वाणिज्य सैले आयोजना गरेका महोत्सवमा पनि नौमती बाजाको माग हुने गरेको छ । नौमती र पञ्चेबाजा बजाउने मात्रै नभई समूहले सामाजिक कार्य पनि गर्दै आएको छ । गाउँघरमा आयोजना हुने सरसफाइ तथा सचेतनामूलक कार्यक्रममा आफ्नो उपस्थिति हुने गरेको उनले बताइन् । "गाउँमा झगडा भएमा मिलाइदिनु पऱ्यो भन्दै आउनुहुन्छ", अध्यक्ष खड्काले भनिन्, "त्यस्ता झैझगडा पनि मिलाउने गरेका छौँ ।" तीबाहेक सामाजिक क्षेत्रमा आवश्यकताअनुसार श्रमसम्बन्धी काम पनि गरिँदै आइएको उनको भनाइ छ । "घरमा रङ लगाउने, विवाहमा खाना खुवाउनेलगायत कार्यमार्फत आम्दानी गरिरहेका छौँ", अध्यक्ष खड्काले भनिन् । सधैं चुलोचौकोमा सीमित हुने महिला पनि सामाजिक रूपमा शसक्त छन्, भन्ने सन्देश दिन आफूले यो कार्य गरेको उनको भनाइ छ । सामान्य लेखपढ गरेर जीविकोपार्जन गर्दै आएका समूहमा आबद्ध महिलाले समूहमार्फत गरेका यस्ता कामले महिलाको आत्मसम्मान बढ्नुका साथै आयआर्जनमा टेवा पुग्ने गरेको छ । *-रासस*


## सिटहरु रिक्त रहेको सूचना

यस तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पामा तपसिलका कोटाहरु रिक्त रहेकाले, सम्बन्धित कोटाका पासलिस्टमा भएका विद्यार्थीहरुले मात्र यो सूचना प्रकाशित मितिले ५ दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

**बिद्यार्थी भर्ना बरियताक्रम अनुसार गरिने छ ।**

**नर्सिङ्ग संकाय**

| | |
|---|---|
| **१. खुला कोटा** | **३ सिट** |
| **२. तानसेन नगरपालिका कोटा** | **१ सिट** |

**तानसेन स्कूल अफ हेल्थ साईन्स**
**तानसेन, पाल्पा**
**फोनः ०७५-५२०१६६**

## सिटहरु रिक्त रहेको सूचना

यस तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पामा **सि एम एल टि संकायमा पुर्ण** शुल्किय कोटा तर्फ २१ सिटहरु रिक्त रहेकाले स्वास्थ्यतर्फ फारम भरेर पासभएका विद्यार्थीहरुले सुचना प्रकाशित मितिले ५ दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

**बिद्यार्थी भर्ना बरियताक्रम अनुसार गरिने छ ।**

**तानसेन स्कूल अफ हेल्थ साईन्स**
**तानसेन, पाल्पा**
**फोनः ०७५-५२०१६६**

## कर्मचारी आवश्यकता

*मिति : २०८३/०२/२२*

यस श्री मस्याम माध्यमिक विद्यालयको रिक्त रहेको कार्यालय सहयोगी पदमा विज्ञापनका लागि तिनाउ गाउँपालिका दोभान, पाल्पाको च.न. २०५० पत्र संख्या २०८२/०८३ मिति २०८३/०२/२२ को प्राप्त अनुमित पत्र अनुसार कार्यालय सहयोगी पदका लागि मिति २०८३/०२/२१ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार तपसिल अनुसार तपसिल बमोजिम कार्यालय सहयोगी कर्मचारी आवश्यकता भएकोले निम्न अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

**विज्ञापन नम्बरः** ०१/०८२/०८३

**पदः** कार्यालय सहयोगी करार, **पद संख्याः** १ (एक)

**शैक्षिक योग्याताः** कम्तीमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण भएको

**उमेरः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको, **निवेदन दस्तुरः** रु ५००/-(पाँच सय रुपैया मात्र), **तलव स्केलः** नेपाल सरकारको नियमानुसार

**दरखास्त दिने अन्तिम मितिः** २०८३/०३/०५ गते शुक्रवार कार्यालय समय (४ बजे सम्म), **सम्पर्क मितिः** २०८३/०३/०५ गते ४ बजे पछि

**परीक्षाको किसिमः** लिखित तथा अन्तरवार्ता

**परीक्षा मितिः** सम्पर्क मितिमा तोकिनेछ

**अन्य व्यवस्थाः** प्रचलित ऐन नियमावली अनुसार हुनेछ

**आवश्यक कागजातहरुः** निवेदन साथ शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, नागरीकताको प्रमाणपत्रको प्रतिलिपी र निरोगिताको प्रमाण पत्रको प्रतिलिपी २/२ प्रति ।

*(पुनश्चः रित नपुगी प्राप्त निवेदन उपर कुनै कारबाही गरिने छैन ।)*

सम्पर्क नम्बरः ९८४७०२९६१०, ९८६७१३८७५०, ९८४७४७३६०७

**श्री मस्याम माध्यमिक विद्यालय**
तिनाउ -६ मस्याम पाल्पा, नेपाल

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई